नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-४२ (पूर्णाङ्क २४७)

## शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना

**श्री सबै शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय एवं सरोकारवालाहरूका लागि**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. २९३ मिति २०७७/११/०६ गतेको पत्रानुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/१०/२६ र माननीय मन्त्री स्तरको मिति २०७७/११/०५ को बैठकले निम्नानुसारका निर्णय गरेको हुँदा सोही अनुसार आ-आफ्नो कार्यक्षेत्रमा गर्नु गराउनुहुन ।

१. कोभिड-१९ को महामारीका कारणले विद्यालयबाट स्थानान्तरण हुनुपरेका विद्यार्थीले स्थानान्तरण भई आउन चाहेको स्थानको विद्यालयमा सो व्यहोरा खोली निवेदन दिएमा सम्बन्धित विद्यालयले त्यस्ता विद्यार्थीलाई स्थानान्तरण गर्ने व्यवस्था गरी शिक्षा विकास तथा समन्वय इकाइलाई जानकारी गराउने तथा सोही बमोजिम विद्यार्थीहरूको परीक्षा सञ्चालन र व्यवस्थापनको कार्य विद्यालयले गर्ने व्यवस्था गर्ने,

२. कोभिड-१९ को महामारीका कारण शैक्षिक सत्र २०७७ को विद्यालय तहको पठनपाठन आगामी २०७८ वैशाख मसान्तसम्म गरी जेष्ठ मसान्तभित्र सबै तहका परीक्षा सम्पन्न गर्नेगरी शैक्षिक सत्र तोकिएकाले सोही अनुसार गर्न गराउन,

३. आगामी शैक्षिक सत्र २०७८, असार १ गतेबाट सुरु गरी सो शैक्षिक सत्रको पठनपाठन र परीक्षासमेत साविकमा झैँ चैत्र मसान्तसम्म सम्पन्न गर्नेगरी विद्यालयले शैक्षिक कार्यतालिका तय गरी कार्यान्वयनमा लैजाने व्यवस्था गर्न गराउन ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**

**७७ वटै ।**

प्रस्तुत विषयमा कम्पनीमा दर्ता भई सञ्चालनमा रहेका निजी विद्यालयहरूले कम्पनी अन्तर्गत नै कक्षा/तह वृद्धि गर्न माग गरेकाले सो सम्बन्धमा निर्देशन पाउँ भनी मण्डनदेउपुर नगरपालिकाबाट लेखी आएको सन्दर्भमा कम्पनीका रूपमा सञ्चालित विद्यालयहरूलाई शिक्षा नियमावली २०५९ अनुसार तोकिएका सर्तहरू पूरा गरेको अवस्थामा (प्राविधिक तथा व्यावसायिक शिक्षा बाहेक) यथावत् रूपमा कक्षा/तह वृद्धि गर्न अनुमति दिन सकिने भनी मन्त्रालयबाट मिति २०७६/०३/१५ (मा. मन्त्री स्तर)मा निर्णय भई आएकाले त्यस जिल्ला अन्तर्गतका सबै स्थानीय तहमा सूचना प्रवाह गरिदिनुहुन अनुरोध छ ।

**श्री शिक्षा विकास तथा समन्वय इकाइ**

**७७ वटै ।**

नमुना विद्यालय विकासका रूपमा आ.व. २०७४/०७५ सम्ममा छनोट भएका २२२ वटा विद्यालयहरूले नमुना विद्यालयको शैक्षिक तथा प्राविधिक गुरुयोजना स्थानीय तहबाट स्वीकृत गराई यस केन्द्रमा पेस गर्नुपर्नेमा हालसम्म पनि केही विद्यालयहरूबाट पेस हुन नआएकाले उक्त विद्यालयहरूलाई नमुना विद्यालय विकासका लागि विद्यालय सुधार गुरुयोजना तयार गरी सम्बन्धित इकाइ र स्थानीय तहबाट स्वीकृत गराई यस केन्द्रमा पेस गर्न लगाउनहुन अनुरोध छ ।

## श्रव्यदृश्य शाखाको टेलिभिजन तथा रेडियो एफ.एम.बाट प्रसारण हुने श्रव्यदृश्य एवं श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारी

### १. श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी जानकारी :

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १-८ का विषयगत श्रव्यदृश्य पाठहरू नेपाल टेलिभिजनको NTV+ च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन् । त्यसैगरी कक्षा १-१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV StreamzPvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिबार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन् ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने व्यवस्था मिलाइएको छ । कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू यस केन्द्रको Youtube Channel,www.youtube.com/ncedvirtual बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ ।

केन्द्रको Youtube Channel मा कक्षा १ देखि १० सम्मका १६०० भन्दा बढी विषयगत श्रव्यदृश्य पाठहरू समावेश गरिएका छन् भने १ लाख ३० हजारभन्दा बढी Suscribers रहेका छन् । यस च्यानलका ९० लाखभन्दा बढी Views रहेका छन् । हाल प्रतिमहिना ९ लाखभन्दा बढी विद्यार्थीहरूले ४८ हजार घन्टाभन्दा बढी समय उक्त च्यानलको प्रयोग गरेका छन् । सम्बन्धित विद्यार्थी तथा शिक्षकहरूले उक्त च्यानललाई Suscribe गरी र Bell Icon मा click गरी नयाँ Video हरूको Notification पाउन सक्नुहुनेछ ।

यस केन्द्रको शिक्षाको चौतारी (Education Portal), Learning.cehrd.edu.np मा प्रारम्भिक बाल विकासदेखि कक्षा १० सम्मका विषयगत डिजिटल अन्तर्क्रियात्मक सिकाइ सामग्रीहरू (Digital Interactive Learning Materials) को प्रयोग गरी लाभ लिनुहुन सम्बन्धित सबै विद्यार्थी तथा अभिभावकलाई अनुरोध गरिन्छ । त्यसैगरी यस केन्द्रको पहलमा विकास गरिएको Mobile App, eClass Nepal आफ्नो मोबाइल (Android) मा Install गर्नुहुन र App मा समावेश गरिएका कक्षा १ देखि १० सम्मका शिक्षण पाठहरू, पाठ्यपुस्तक, नमुना प्रश्नपत्र आदि हेरी त्यसबाट लाभ लिनुहुन समेत अनुरोध गरिन्छ ।

### २. श्रव्य पाठ प्रसारण सम्बन्धी जानकारी:

कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू रेडियो नेपालबाट शनिबार बाहेक प्रत्येक दिन बिहान १०:१५ देखि १०:४५ बजेसम्म र दिउँसो २:१५ देखि २:४५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेको छ । त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बीचको सहकार्यमा देश भरका करिब २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० बजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० बजेसम्म प्रसारण भइरहेको छ ।

श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ । प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ ।

यसरी प्रसारित श्रव्यदृश्य तथा श्रव्य पाठहरूबाट सम्बन्धित सबै विद्यार्थीले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ ।

## पाठ्यक्रम विकास केन्द्रको सूचना

**राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्का विभिन्न मितिका निर्णय अनुसार विद्यालय तहमा निम्नानुसारका विभिन्न विषयको पठनपाठनको व्यवस्थापन गर्नुपर्ने भएकाले सम्बद्ध सबैका लागि जानकारी गराइएको छ ।**

### सूचना नं. १. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम स्वीकृति

प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम (२०७७) पाठ्यक्रम विकास केन्द्रको वेबसाइट www.moecdc,gov.np बाट डाउनलोड गरी प्रयोग गर्नुहुन अनुरोध छ ।

### सूचना नं. २. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ कार्यान्वयन

शैक्षिक वर्ष २०७६ मा परीक्षण भई देशभर कार्यान्वयनका लागि स्वीकृत आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०७७ शैक्षिक वर्ष २०७८ बाट क्रमशः कक्षा ६ देखि देशभर लागू हुने तथा शैक्षिक वर्ष २०७८ मा कक्षा ६ मा निम्नानुसारका पाठ्यपुस्तक लागू हुने भएकाले सोही अनुसार पठनपाठनको व्यवस्था गर्नु गराउनुहुन अनुरोध छ :

| क्र.स. | विषय | | | पाठ्य घन्टा | वार्षिक कार्य घन्टा |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्सा शिक्षा | | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

### सूचना नं. ३. माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम २०७७ (अनिवार्य विषय) परीक्षण हुने

शैक्षिक वर्ष २०७८ मा माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रम, २०७७ अन्तर्गतका निम्नलिखित अनिवार्य विषयका पाठ्यक्रम तोकिएका विद्यालयमा परीक्षण हुने जानकारी गराइन्छ :

(अ) **अनिवार्य नेपाली**

(आ) **अनिवार्य अङ्ग्रेजी**

(इ) **अनिवार्य गणित**

(ई) **अनिवार्य विज्ञान तथा प्रविधि**

(उ) **अनिवार्य सामाजिक अध्ययन**

### सूचना नं. ४ कक्षा ११ र १२ मा गणित विषयलाई अनिवार्य गरिएको

कक्षा ११ र १२ को पाठ्यक्रम संरचनामा अनिवार्य सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय वा गणित पढ्न पाउने व्यवस्था गरिएको छ । अनिवार्य विषयका रूपमा गणित विषय अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय र अनिवार्य विषयका रूपमा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय अध्ययन गर्ने विद्यार्थीले ऐच्छिक विषयका रूपमा गणित विषय अध्ययन गर्न सक्ने व्यवस्था गरिएकाले सोही अनुसार पठनपाठनको व्यवस्था गर्न सम्बद्ध सबैलाई अनुरोध छ । साथै माध्यमिक तह (कक्षा ११ र १२) साधारण शिक्षाको संरचना निम्नानुसार रहेको जानकारी गराइन्छ :

| क्र.सं | विषय | पाठ्य घन्टा | |
|---|---|---|---|
| | | कक्षा ११ | कक्षा १२ |
| १ | अनिवार्य नेपाली | ३ | ३ |
| २ | अनिवार्य अङ्ग्रेजी | ४ | ४ |
| ३ | अनिवार्य सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा वा गणित | ५ | ५ |
| ४ | ऐच्छिक पहिलो | ५ | ५ |
| ५ | ऐच्छिक दोस्रो | ५ | ५ |
| ६ | ऐच्छिक तेस्रो | ५ | ५ |
| जम्मा | | २७ | २७ |

**नोट** : विद्यार्थीहरूले चारवटा समूहमध्ये कुनै तीन समूहबाट एक/एक वटाका दरले तीनवटा ऐच्छिक विषय छनोट गर्नुपर्नेछ । तीन विषय बाहेक थप एक विषय अध्ययन गर्न चाहेमा छनोट नभएको समूहबाट नन केडिटका रूपमा थप एक विषय छनोट गर्न सक्नेछन् ।

### सूचना नं. ५ स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र प्रयोग गर्ने

विद्यालय तहमा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको पाठ्यक्रम संरचना कार्यान्वयन हुने भएकाले कक्षा १ देखि कक्षा १२ मा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्छ । शैक्षिक वर्ष २०७७ मा कक्षा १ र ११ मा नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएकामा कतिपय विद्यालयले पुरानै पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गरेको भन्ने गुनासा प्राप्त भएकाले विद्यालयहरूले स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्न तथा थप पाठ्यसामग्री प्रयोग गर्न चाहने विद्यालयले नियमानुसार विद्यालय तहका विभिन्न कक्षाका लागि स्वीकृति दिइएका पाठ्यसामग्रीमा रहेको पाठ्यक्रम विकास केन्द्रको स्वीकृति पत्र हेरेर मात्र प्रयोग गर्नु गराउनुहुन अनुरोध छ । अनुगमनका क्रममा कुनै प्रकाशकले स्वीकृति नलिई पुस्तक बिक्री वितरण गरेको पाइएमा वा स्वीकृति नभएका पुस्तक विद्यालयमा प्रयोग भएको पाइएमा नियमानुसार कारबाही हुने जानकारी गराइन्छ ।

## आर्थिक वर्ष २०७८।७९ को बजेट तर्जुमाका लागि तथ्याङ्क उपलब्ध गराइदिने सम्बन्धी सबै स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइहरूलाई अनुरोध

आगामी आर्थिक वर्ष २०७८।७९ का लागि तपसिल अनुसारका शीर्षकमा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह तथा इकाइले विवरण तयार गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत २०७७।११।३० भित्र प्रमाणित प्रतिको Hardcopy/Softcopy (Excel Sheet) यस केन्द्र को इमेल ठेगाना education.interaction@gmil.com मा अनिवार्य रूपमा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

**पुनश्च** : संलग्न सूची अनुसारका विद्यालय एवं शैक्षिक संस्थाहरूको विवरण साविकको जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय एवं शिक्षा विभागबाट अनुमति/स्वीकृति/ सम्बन्धन प्राप्त निकायहरूको सङ्ख्या मात्र समावेश गर्नुपर्नेछ ।

आ.व. २०७८।७९ का लागि बजेट तर्जुमाका लागि स्थानीय तहगत विवरण २०७७

| सि. नं. | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | विशेष शिक्षा | | | परम्परागत तथा धार्मिक विद्यालय | | | वैकल्पिक विद्यालय | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विशेष शिक्षा सञ्चालित स्रोत कक्षा संख्या | लेखाजोखा केन्द्र संख्या | विशेष आवश्यकता भएका विद्यार्थी अध्ययनरत विद्यालय संख्या (दृष्टिविहीन विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय) | कक्षा १-५ सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | कक्षा १-८ सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | कक्षा १-१० सञ्चालित परम्परागत तथा धार्मिक विद्यालय संख्या | अति विकट हिमाली जिल्लाका लागि घुम्ती विद्यालय संख्या | खुला विद्यालय तह १ र २ (कक्षा ६-८) | खुला विद्यालय तह माध्यमिक (कक्षा ९-१०) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-५) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-८) | अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-१०) |
| | | | | | | | | | | | | | | | |

आ.व. २०७८।७९ का लागि बजेट तर्जुमाका लागि स्थानीय तहगत विवरण २०७७

| सि. नं. | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | हाल सञ्चालनमा रहेका बहुकक्षा बहुस्तर (MGML) संख्या | हाल सञ्चालनमा रहेका बहुभाषिक शिक्षा विद्यालय संख्या | सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र | प्राविधिक धार सञ्चालित विद्यालय तथा विद्यार्थी | | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या | आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या स्वीकृत कोटामा अध्ययनरत विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कक्षा (९-१०) सञ्चालित विद्यालय | कक्षा (९-१२) सञ्चालित विद्यालय | | मुक्त कम्लहरी | हिमाली छात्रावास | फिडर छात्रावास | सार्वजनिक निजी साझेदारीमा सञ्चालित विद्यालय | हिमाली आवासीय | अति सीमान्तकृत समुदायका लागि सञ्चालित |
| | | | | | | | | | | | | | | | |

आ.व. २०७८।७९ का लागि बजेट तर्जुमाका लागि स्थानीय तहगत विवरण २०७७

| सि. नं. | जिल्ला | स्थानीय कोड | स्थानीय तहको नाम | नमुना विद्यालय संख्या | गुरुयोजनामा स्वीकृत बजेट | हालसम्मको विद्यालयलाई निकासा भएको रकम | हालसम्मको खर्च रकम | गैरआवासीय छात्रवृत्ति | | | | | | इकाइले पठाउनुपर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | अपाङ्ग छात्रवृत्ति | मुक्त कम्लहरीका लागि छात्रवृत्ति | | | आधारभूत तहमा अध्ययनरत लक्षित समूह-२२ जनजाति तथा सीमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्तति समेत) का विद्यार्थीका लागि छात्रवृत्ति | | द्वन्दपीडित विद्यार्थीका लागि छात्रवृत्ति | शहीदका छोराछोरीका लागि छात्रवृत्ति |
| | | | | | | | | कक्षा (१-१२) | १-८ | ९-१० | ११-१२ | | | | |
| | | | | | | | | | | | | | | | |

**नोट : नमुना विद्यालयको हकमा गुरुयोजनामा स्वीकृत बजेट विवरण विद्यालयगत रूपमा (छुट्टाछुट्टै) उल्लेख गर्नुपर्नेछ ।**

**अपाङ्ग छात्रवृत्तिका लागि विद्यार्थी संख्या अपाङ्गताको वर्ग अनुसार उल्लेख गर्नुपर्नेछ ।**

**विकट हिमाली जिल्लामा घुम्ती विद्यालय सञ्चालन अनुदान प्राप्त गर्ने विद्यालयको संख्या उल्लेख गर्दा शिक्षा नियमावली (नवौँ संशोधन)-२०५९ को नियम ८४ बमोजिम (कालीकोट, मुगु, हुम्ला, जुम्ला, डोल्पा, मनाङ र मुस्ताङ) ले मात्र गर्ने ।**

## शैक्षिक कार्यक्रम 'शिक्षाको चौतारी' प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक कार्यक्रम "शिक्षाको चौतारी" हरेक मङ्गलबार बेलुकी ७:०० बजेदेखि ७:२५ बजेसम्म नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट प्रसारण भइरहेको जानकारी गराउँछौँ । यस कार्यक्रममा नीतिनिर्माता, व्यवस्थापक र अनुसन्धानकर्ताहरू बीच समसामयिक शैक्षिक विषयमा परिसंवाद तथा अन्तर्वार्ता र यसका साथै पालैपालो गरी सातै प्रदेश अन्तर्गतका जिल्लाहरूमा अवस्थित विभिन्न सामुदायिक विद्यालयहरू र शैक्षिक सङ्घ संस्थाका असल अभ्यास, सुधारका प्रयास, अनुसरणीय गतिविधि समेत प्रसारण भइरहेको छ । प्रस्तुत शिक्षाको चौतारी कार्यक्रम सम्बद्ध सबैले हेरी यसका सकारात्मक पक्षको अनुसरण/उपयोग/प्रयोग गर्नुहुन समेत सबैमा जानकारीका लागि अनुरोध छ ।

प्रसारित कार्यक्रम यस केन्द्रको YoutubeChannel,NCED virtual मा समेत हेर्न सकिनेछ । यस कार्यक्रमका सम्बन्धमा यहाँहरूका केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल मार्फत पठाउन सक्नुहुनेछ । हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com। साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौँ ।